नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ९ गते २०३४ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १ को उप–दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बहुमूल्य रत्नहरूको खरीद–बिक्री लेनदेन कारोबारमा, ट्याक्सी मिटर र आयतन नाप्ने यन्त्रमा बाहेक अन्य सबै कारोबार र माल सामानको सम्बन्धमा उक्त ऐनको बाँकी सबै दफाहरू निम्न ठाउँहरूमा २०३४ साल फागुन ७ गते-देखि प्रारम्भ हुने गरी तोकिदिएको छ ।

१. धादिङ जिल्ला
२. लमजुङ "
३. दाङ देउखुरी "
४. कैलाली "
५. उदयपुर "

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C83

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।